नेपाल सरकार
उद्योग मन्त्रालय
सिंहदरबार, काठमाडौं

## महिला उद्यमशीलता विकास कोष (संचालन)(दोश्रो संशोधन) कार्यविधि, २०७३

महिला उद्यमशीलता विकास कोष (संचालन) कार्यविधि, २०६९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१२ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम "महिला उद्यमशीलता विकास कोष (सञ्चालन) (दोश्रो संशोधन) कार्यविधि,२०७३" रहेकोछ ।

(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. महिला उद्यमशीलता विकास कोष (संचालन) कार्यविधि, २०६९ को दफा ४ मा संशोधनः महिला उद्यमशीलता विकास कोष (संचालन) कार्यविधि, २०६९ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ४ को उपदफा (१) मा रहेका "सरल सहज ढङ्गले विना धितो" भन्ने शब्दहरुको सट्टा "सरल र सहज ढङ्गले परियोजनाको कुल लागतभन्दा बढी नहुने गरी परियोजना धितो राखी" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल कार्यविधिको दफा ६ मा संशोधनः मूल कार्यविधिको दफा ६ को-

(१) उपदफा (१) मा रहेका "विना धितो" भन्ने शब्दहरुको सट्टा "परियोजनाको कुल लागतभन्दा बढी नहुने गरी परियोजना धितो राखी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (६) मा रहेको "पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पाँच प्रतिशत वा अधिकतम सात लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल कार्यविधिमा दफा ११क. र ११ख. थपः मूल कार्यविधिको दफा ११ पछि देहायका दफा ११क. र ११ख. थपिएका छन्-

"११ क. कर्जा प्राप्त गर्न योग्य हुनेः प्रचलित कानून बमोजिम महिला उद्यमीको नाममा दर्ता भई कम्तीमा एक वर्ष सञ्चालन भएको उद्योग व्यवसाय कोषबाट कर्जा प्राप्त गर्न योग्य हुनेछ ।

११ ख. कर्जा प्रवाह नगरिनेः देहायका उद्योग व्यवसायमा कोषबाट कर्जा प्रवाह गरिने छैनः-

क) पुरुष साझेदार रहेका उद्योग व्यवसाय,

ख) मदिरा, प्लाष्टिक झोला र सूर्तीजन्य वस्तु उत्पादन गर्ने उद्योग व्यवसाय ।"

५. मूल कार्यविधिमा दफा १६क. थपः मूल कार्यविधिको दफा १६ पछि देहायको दफा १६क. थपिएको छः-

"१६ क. अधिकार प्रत्यायोजनः केन्द्रीय समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार जिल्ला समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

## अनुसूची ३

## दफा ११ संग सम्बन्धित

## कर्जा मागको निवेदनको ढांचा

( यो फाराम भर्न कार्यालयका कर्मचारीले सहयोग गर्नेछन् )

श्री कार्यालय प्रमुखज्यू,
घरेलु तथा साना उद्योग कार्यालय/समिति,
........................................ जिल्ला

महोदय,

निम्नलिखत विवरण बमोजिमको उद्योग स्थापना/सञ्चालन/विस्तार गर्न कर्जाको लागि यो निवेदन गरेको छु/छौं। पेश गरिएको विवरण ठकि छ। झुठ्ठा ठहरेमा प्रचलित कानुनबमोजिम सहुँला बुझाउँला।

१. उद्योगको नामः-

२. उद्देश्यः-

३. उद्योग रहेको स्थानः-

(क) अञ्चलः-

(ख) जिल्लाः-

(ग) नगर/गाउँः-

(घ) वडा नं./कि.नं.:-

४. उद्योगको स्तरः- (✓ चिन्ह लगाउने)

(क) लघु (   ) (ख) घरेलु (   ) (ग) साना (   )

५. उद्योगको कानुनी रूप फर्मः- (✓ चिन्ह लगाउने)

(क) निजी (   ) (ख) साझेदारी (   ) (ग) प्रा.लि. (   )

६. उद्योगको वर्गः- (✓ चिन्ह लगाउने)

(क) उत्पादनमूलक (   ) (ख) उर्जामूलक (   ) (ग) कृषि तथा वनजन्य (   )

(घ) खनिज (   ) (ङ) पर्यटन (   ) (च) सेवा (   ) (छ) निर्माण (   ) (ज) अन्य (   )

७. ऋण माग गर्ने निवेदकको पूरा नाम थर:- ठेगाना:- दस्तखत:-

........................................................ ........................ ..................

८. पूँजी लगानी:-

| | | मूल्य | कैफियत |
|---|---|---|---|
| (क) | स्थिर पूँजी | | |
| | जमिन:.................................... | ...................... | .................... |
| | भवन:.................................... | ...................... | .................... |
| | मेसिन औजार:......................... | ...................... | .................... |
| | फर्निचर फिक्स्चर:.................. | ...................... | .................... |
| | अन्य: .................................... | ...................... | .................... |
| | जम्मा: | | |
| (ख) | चालु पूँजी:............................ | ...................... | .................... |
| (ग) | कूल पूँजी:.............................. | ...................... | .................... |

९. उद्योग दर्ता नं. ...................................... मिति............................

नवीकरणको अवधि................................. नवीकरण भएको मिति..........................

१०. माग गरिएको कर्जा रकम

| | | | |
|---|---|---|---|
| (क) | स्थिर पूँजी:............................ | ...................... | .................... |
| (ख) | चालु पूँजी:............................ | ...................... | .................... |
| (ग) | कूल पूँजी:.............................. | ...................... | .................... |

११. कर्जाको उपयोग गरिने क्षेत्रहरू

११.१ पूँजी तथा क्षमता बृद्धि भए (पूँजी बृद्धिको लागि)

| स्थिर पूँजी | कच्चापदार्थ | | मेसिन औजार | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| साविक | .................. | .................. | .................. | .................. | .................. |
| प्रस्तावित | .................. | .................. | .................. | .................. | .................. |

कूल पूँजी रु. ........................ १) स्थिर पूँजी रु. .................. २) चालु पूँजी रु. ..................

११.२ उद्योगबाट हुने उत्पादन/सेवाको विवरण

| वस्तु उत्पादन/सेवा | इकाइ | वार्षिक क्षमता | मूल्य |
|---|---|---|---|
| १) .................................... | ................ | ...................... | ...................... |
| २) .................................... | ................ | ...................... | ...................... |
| ३) .................................... | ................ | ...................... | ...................... |
| ४) .................................... | ................ | ...................... | ...................... |

११.३ उद्योगबाट हुने उत्पादन सेवाको विवरण (वार्षिक) (क्षमता वृद्धिको लागि)

| साविक | | | प्रस्तावित कायम गर्ने | | |
|---|---|---|---|---|---|
| वस्तु/सेवा | इकाइ | वार्षिक क्षमता | वस्तु सेवा | इकाइ | वार्षिक क्षमता |
| १. | | | १. | | |
| २. | | | २. | | |
| ३. | | | ३. | | |
| ४. | | | ४. | | |

११.४ पूँजी वृद्धि/क्षमता वृद्धिको कारण

१.

२.

३.

४.

| १२. कच्चा पदार्थको विवरण | वार्षिक परिमाण | मूल्य |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

१३. मेसिन उपकरण

| क्र.सं. | विवरण | संख्या | प्रति एकाइ मूल्य | जम्मा मूल्य | विद्युत शक्ति (कि.वा.) स्रोत |
|---|---|---|---|---|---|
| १. | .................. | ........... | ...................... | ................ | .............................. |
| २. | .................. | ........... | ...................... | ................ | .............................. |
| ३. | .................. | ........... | ...................... | ................ | .............................. |
| ४. | .................. | ........... | ...................... | ................ | .............................. |
| ५. | .................. | ........... | ...................... | ................ | .............................. |
| जम्मा | | | | | |

१४. जनशक्तिः- प्राविधिकः- अप्राविधिकः- अन्यः- जम्मा सङ्ख्याः-

१५. सिफारिस गर्ने संस्था (संघ वा महासंघ)

निवेदकको पत्राचारको ठेगानाः-

जिल्ला:- न.पा./गा.वि.स.:-

वडा नं.:- ब्लक नं.:-

फोन नं.:- फ्याक्स नं.:- इमेल:-

१५. सम्पर्क व्यक्तिको नाम ठेगाना र फोन नं.:-

१६. लोकेसन म्याप:-

१७. सर्तहरू पालना बारे:-

१. उद्योग सञ्चालन गर्दा वातावरण प्रदूषण हुन दिने छैन ।

२. कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरू मागेको बखत उपलब्ध गराउने छु ।

३. उद्योग सञ्चालन किटान गरिएकै स्थानमा उद्योग सञ्चालन गर्नेछु ।

४. उद्योग दर्ता सञ्चालन किटान गरिएको उद्देश्य विपरीत काम गर्ने छैन ।

५. अन्य निकायबाट समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु ।

६. उद्योग सञ्चालन गर्दा बालमजदुर प्रयोग गर्ने छैन ।

७. घर तथा जग्गा खरिदको लागि कर्जा प्रवाह गरिने छैन ।

मिति:- निवेदकको सही:-

औंठाको छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

नोट:-

१) कुनै महलमा विवरण नअटाएमा छुट्टै कागजमा लेखि संलग्न गर्नु होला ।

२) यो निवेदनसाथ निम्न कागजातहरू संलग्न गर्नु पर्नेछ ।

क) सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ख) साझेदारी फर्मको हकमा साझेदारी कबुलियतनामा

ग) प्रा.लि. वा पब्लिक लि. को हकमा प्रबन्धपत्र, नियमावली, कम्पनी दर्ताको प्रमाणपत्र, कम्पनी दर्तापत्रको प्रमाणित प्रतिलिपि ।

घ) उद्योग आफ्नै घर/जग्गामा स्थापना हुने भए जग्गाधनी पुर्जा, भाडामा भए रीतपूर्वकको भाडा सम्झौतापत्र ।

ङ) उद्योगको उद्देश्य र प्रकृति हेरी अन्य आवश्यक कुराहरू ।